# प्रेस विज्ञप्ति

आज मिति २०७४/४/२२ का दिन अधिकार सम्पन्न प्रशासन पुनःसंरचना समितिका अध्यक्ष माननीय सामान्य प्रशासन मन्त्री टेक बहादुर वस्नेतको अध्यक्षतामा समितिका सदस्यहरु माननीय राजेन्द्र प्रसाद पाण्डे, माननीय डा. आरजु देउवा राणा र पूर्व राज्यमन्त्री श्री भूवन पाठक तथा नेपाल सरकारका मुख्य सचिव श्री राजेन्द्र किशोर क्षेत्री एव नेपाल सकारका सचिवहरुको उपस्थितीमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय स्थित सभाहलमा वस्यो । वैठकमा उक्त समिति अन्तरगतको कार्य सहजीकरण समितिका संयोजक माननीय काशीराज दाहाल र सदस्यहरुको समेत उपस्थिती थियो ।वैठकको सुरुमा सामान्य प्रशासन मन्त्री माननीय टेक वहादुर बस्नेतले प्रशासन पुनःसरचनाका सवालमा सम्वन्धीत मन्त्रालयका सचिवहरुको भूमिका र वैठक वोलाउनुको उद्देश्यवारे जानकारी गराउनु भयो ।

वैठकमा समितिका सदस्य मा. राजेन्द्र प्रसाद पाण्डे र माननीय सदस्य डा. आरजु देउवा राणाले पनि आ-आफ्नो विचार राख्नुभयो। नेपाल सरकारका मुख्य सचिव श्री राजेन्द्र किशोर क्षेत्रीले सवै सचिवहरुलाई यस अघिका निर्णय कार्यान्वयन गर्न र यस वैठकबाट भएका निर्णय कार्यान्वयनका लागि तदारुकताका साथ लाग्न निर्देशन दिनुभयो ।

वैठकले स्थानीय तहमा तत्काल कर्मचारी खटाउने सम्बन्धमा विभिन्न निर्णयहरु लियो । स्थानीय तहमा प्रमुख कार्यकारीको रुपमा निर्वाचित जनप्रतिनिधिहरुनै रहने भएकोले प्रशासन सेवाको प्रशासनिक नेतृत्वमा आ-आफ्नो क्षेत्रको काम गर्ने गरी यस अघि नेपाल सरकाबाट जारी भएको स्थानीय तहमा कर्मचारी व्यवस्थापन आदेश २०७४ र नेपाल सरकारका मुख्य सचिवको सयोजकत्वमा विषयगत मन्त्रालयका सचिव सहितको समितिले गरेको निर्णय बमोजिम सवै मन्त्रालयले आफ्नो मन्त्रालयबाट खटाउनु पर्ने कर्मचारी तुरुन्त खटाइ त्यसको जानकारी अधिकार सम्पन्न संघीय प्रशासन पुनःसरचना समिति र सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय भयो । यसरी हाल स्थानीय तहमा खटाइएका कर्मचारीहरु तत्काल स्थानीय तहमा सेवा सुचारु गर्नको लागि खटाइएको र समायोजन ऐन पारित भएपछि सोही बमोजिम समायोजन हुने भएकोले कर्मचारीको वृति विकासमा कुनै असर नपर्ने गरी सेवा सञ्चलन ऐनमा व्यवस्था गरिने भएकोले कर्मचारीले उच्च उत्प्रेरणाका साथ खटिएको स्थानीय तहको कार्यालयमा गई आ-आफ्नो काम गर्न सवै मन्त्रालयका सचिवहरुले कर्मचारीलाई हौसला प्रदान गर्ने निर्णय भयो । समायोजन प्रक्रियालाई कार्यान्वयन गर्न सबै मन्त्रालयहरुले संघ, प्रदेश र स्थानीय तह सम्म कायम रहने प्रशासनिक संरचनाहरुको खाका तयार गरी यथासिघ्र अधिकार सम्पन्न संघीय प्रशासनिक पुनःसंरचना समितिमा पठाउने र सोही अनुसार समितिले प्रशासनिक संरचनाहरुको टुङ्गो लगाउने निर्णय भयो ।

वैठकमा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री मोहन कृष्ण सापकोटाले समितिले प्रशासन पुनःसंरचना सम्बन्धमा हालसम्म गरेको कार्य र आगामी दिनमा गर्नु पर्ने कार्यबारे प्रस्तुतीकरण गर्नु भयो भने अन्य मन्त्रालयका सचिवज्यूहरुले आ-आफ्ना मन्त्रालयका समस्याहरुका बारेमा वोल्नु भएको थियो ।

नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं